बैठक नं. ०२/२०८२।०८३

**मिति :२०८२।०५।०५ गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय:** मिति २०८२।०४।१४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने /गराउने निर्णय गरियो।

२. **आ.व. २०८२।०८३ को आय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८२।०८३ मा आन्तरिक राजश्व शाखाबाट प्राप्त विवरण अनुसार २०८२ श्रावण महिनामा ३२ लाख ६० हजार २ सय १८ रुपैयाँ मात्र राजश्व संकलन भएको जानकारी प्राप्त भयो।

३. **रिक्साको भाडा दर सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८२।०४।३० को निर्णयानुसार बुद्धभूमि नगरपालिकाको रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०८१ बमोजिम रिक्सा दर्ता तथा रुट ईजाजतको लागि हालसम्म ३ पटक सूचना प्रकाशन भएकोमा पर्याप्त मात्रामा निवेदन प्राप्त नभएकोले पुन : १५ दिनको सूचना प्रकाशन गरिएको जानकारी प्राप्त भयो। हाल सम्म प्राप्त निवेदनहरु जाँचबुझ गरी रिक्सा दर्ता किताबमा अभिलेख व्यवस्थापन गरी नम्बर प्लेट उपलब्ध गराउन राजश्व शाखालाई जिम्मेवारी दिने। बुद्धभूमि नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरुबाट विभिन्न स्थानहरुमा रिक्सा प्रयोग गरेबापत प्रति व्यक्ति भाडा दर पक्की सडकमा अधिकतम २.५ कि.मि. सम्म न्यूनतम रु.२० तथा थप प्रति कि.मि. रु.७ तथा कच्ची सडकमा २.५ कि.मि. सम्म न्यूनतम रु.३० तथा थप प्रति कि.मि. रु.१० कायम गर्ने साथै रिजर्भ भाडा दर आपसी समझदारीमा लिन सक्ने गरी व्यवस्था गर्न सिफारिस भई आएकोले सोही बमोजिमको भाडादर स्वीकृत गरी सरोकारवालाहरूलाई जानकारी गराई आवश्यक सहजीकरण गर्न निर्देशन गर्ने। साथै रिक्सा दर्ता तथा रुट ईजाजत कार्य सम्पन्न भएपश्चात रिक्सा दर्ता भए/नभएको लगायत कानुनी विषयको पालनाको सम्बन्धमा जिल्ला ट्राफिक प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय, गोरुसिंगेलाई विवरण सहित जानकारी दिने निर्णय गरियो।

४. **टिक्कर बुड्ढी बिजगौरी सडकको ठेक्का सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको नगर गौरवको योजनाको रूपमा रहेको टिक्कर – बुडढी – बिजगौरी सडक खण्ड (ग), १ र २ का लागि १७ औं नगरसभाबाट संघको समपुरक तर्फ रू. ३ करोड ८

लाख तथा नगरपालिकाको वित्तीय समानीकरण तर्फ ४ करोड ७२ लाख गरी कुल जम्मा रू. ७ करोड ८० लाख विनियोजित भएकोमा थप २ करोड २० लाख आन्तरिक श्रोतबाट सुनिश्चित हुने गरी कुल जम्मा रू. १० करोड लागत अनुमानको अधिनमा रही ठेक्का व्यवस्थापन गर्ने साथै आ.व. २०८१।०८२ मा निर्माण भएको बिजगौरी देखि बुडढी तर्फको सडकबाट यस वर्षको निर्माण कार्यलाई निरन्तरता दिने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

५. विविध ।

क) **कार्यविधि संशोधन सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परिच्छेद ८ को दफा १३ (ग) मा च्यापकटर (चारा मेसिन) खरिद तथा जडानको लागि बार्षिक कार्यक्रम बजेट स्वीकृत भएको रकमको ७० प्रतिशत अनुदान र ३० प्रतिशत लागत साझेदारी रकमको व्यवस्था भएकोमा संशोधन गरी अनुदान ६५ प्रतिशत र ३५ प्रतिशत लागत साझेदारी रकम हुने व्यवस्था गर्ने निर्णय गरियो ।

ख) **वडा कार्यालय भवन निर्माणमा रकम अपुग सम्बन्धमा ।**

**निर्णयः** वडा कार्यालय भवन अन्तर्गत वडा नं. ५ र वडा नं. ६ को लागत अनुमान तयार भएकोमा नगरसभाबाट विनियोजित रकम तथा प्राविधिक लागत अनुमान बमोजिमको रकममा देखिएको अपुग रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी आन्तरिक स्रोतबाट सुनिश्चितता गरी विद्युतीय बोलपत्रको माध्यमबाट खरिद प्रक्रिया अगाडी बढाई कार्य सम्पन्न गर्ने निर्णय गरियो । साथै ५ नं. वडा कार्यालयको च.नं. ८० मिति २०८२।०५।०१ गतेको पत्रानुसार वडा कार्यालय भित्र रहेको शौचालय छतबाट पानी चुहिने र भत्किने अवस्था भएकोले जोखिमपूर्ण अवस्थामा रहेको हुँदा भत्काई दिनुहुनु अनुरोध भई आएको हुँदा आवश्यक समन्वय र व्यवस्थापन वडा कार्यालयबाट हुने गरी जीर्ण शौचालय भत्काउन जानकारी गराउने ।

ग) **जिल्ला ट्राफिक प्रहरी कार्यालय रंगरेगन सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि वडा नं. २ मा अवस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयको च.नं. ५१ मिति २०८२।०४।२५ को पत्रानुसार व्यारेक भवन र भान्सा घरको रंगरोगन कार्य गर्नको लागि बजेट सहयोग गरिदिनुहुन भनी सिफारिस साथ अनुरोध भई आएको हुँदा निर्मित सार्वजिनक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट लागत अनुमान बमोजिमको रकम विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

वासुदेव भट्टराई
...त्रिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

घ) **कोन्द्रे खोलाको ठेक्का रकमको राजश्व फिर्ता सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिका क्षेत्रभित्र पर्ने कोन्द्रे खोलाको नदीजन्य पदार्थ उत्खनन, घाटगद्दी एवं विक्री कार्यका लागि आ.व. २०८०।०८१ मा नगरपालिकाबाट ठेक्का व्यवस्थापन भएकोमा वनको अवरोध भई ठेक्का सुचारू रूपले सञ्चालन हुन नसकेको भनी सम्बन्धित ठेकेदार श्री कृष्ण कन्ट्रक्सन, मायादेवी-४, कपिलवस्तुबाट प्रथम किस्ता बापतको रकम रू. १२,५१,०५२।– र मु.अ.कर, अग्रिम आयकर तथा अन्य खर्च समेत गरी लागेको खर्च रकम रू. ३२,३७,६००।– फिर्ता गरिदिनुहुन भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला सहित निवेदन पेश गरेकोमा विद्यमान ऐन, कानुन तथा नगरपालिकासँग भएको दुई पक्षीय सम्झौतामा राजश्व फिर्ता सम्बन्धी व्यवस्था नदेखिएको हुँदा सोही बमोजिम सम्बन्धित ठेकेदारलाई जानकारी गराउने निर्णय गरियो ।

ङ) **डेंगु, लम्पी स्किन लगायत सरूवा रोग नियनोण सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाभित्र माहामारी रोग नियन्त्रणका लागि लामखुट्टे नाशक जैविक विषादी Mosquito Bio-Larvicide - Bti 5% AS, डेंगु , मलेरिया, जापनिज इन्सेफ्लाइटिस, चिकन्गुनिया, फिलारिया तथा जीका लार्भा र प्युपा नष्ट गर्न विपद् व्यवस्थापन शिर्षकबाट रू. ५,००,०००।– (पाँच लाख) सम्मको औषधी खरिद गरी कार्यान्वियन गर्ने निर्णय गरियो ।

च) **भूमि समस्या समाधान आयोगको ३५ दिने सूचना प्रकाशन सम्बन्धमा ।**

**निर्णयः** भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंको मिति २०८२।०४।३० गते प्रकाशित ३५ दिने सूचनाको जानकारी प्राप्त भयो । साथै सूचनामा उल्लेख भए बमोजिमको निवेदन पेश गर्ने कार्यमा आवश्यक सहजीकरण गरिदिनुहुनका लागि सम्पूर्ण वडा कार्यालयहरूलाई जानकारी गराउने निर्णय गरियो । साथै वडा सहजीकरण समितिमा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिहरूलाई उपस्थितिको लागि अनिवार्य जानकारी गराई बैठक व्यवस्थापन गर्न वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो । यस अघि लगत संकलन फाराम भर्दा त्रुटि भएका (कित्ता नम्बर, क्षेत्रफल विवरण) लाई प्रक्रिया मिलाई सच्चाउने निर्णय गरियो ।

छ) **ग्रेडर मर्मत सम्भार सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको नाममा रहेको ग्रेडर मर्मत गर्नको लागि जिन्सी शाखाबाट प्रारम्भिक अनुमान सहितको लागत अनुमान पेश भएकोमा नियमानुसार मर्मतको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**ज) अर्घाखाँची चोकमा सार्वजनिक शौचालय व्यवस्थापन सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका वडा नं. २ अर्घाखाँची चोकमा रहेको सार्वजनिक शौचालय थप व्यवस्थापन खर्च (विद्युत, पानी, सरसफाई तथा मर्मत लगायतका) सम्पूर्ण खर्च व्यहोर्ने र बार्षिक रू. ३०,०००।– नगरपालिकालाई राजश्व बुझाउने गरी सञ्चालन गर्न बुद्धभूमि न.पा. वडा नं. २ अस्थायी निवासी धन बहादुर तामाङले दिनु भएको निवेदन अनुसार उक्त सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन गर्न इच्छुक रहेकोले निजलाई उक्त राजश्व अर्धवार्षिक रूपमा अग्रिम रू. १५,०००।– नियमित रूपमा बुझाई उक्त सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको लागि नगरपालिकालाई कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी एक वर्षको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

**झ) नेपाल आदिवासी जनजाती महासंघ, कपिलवस्तुको पत्र सम्बन्धमा।**

**निर्णयः** नेपाल आदिवासी जनजाती महासंघ, कपिलवस्तुको च.नं. ०४ मिति २०८२।०४।२३ गतेको प्रस्तावना पेश गरिएको निवेदन अनुसार विश्व आदिवासी दिवसको अवसरमा गरिएको कार्यक्रमको लागि आवश्यक सहयोग गरिदिनुहुन भनी अनुरोध भई आएको हुँदा आर्थिक सहायता शिर्षकबाट २५,०००।– (पच्चीस हजार मात्र) रकम भुक्तानी दिने निर्णय गरियो।

**ञ) नगरस्तरीय योजनाहरूको उपभोक्ता समिति गठन सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको नगरस्तरीय योजनाहरूको लागि स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ परिच्छेद २ को दफा ४(ग) अनुसार आ.व. २०८२।०८३ को नगरस्तरीय योजनाहरूको उपभोक्ता समिति गठनको लागि कार्यपालिका सदस्य वा कर्मचारी प्रतिनिधि तोक्न खटाउनको लागि नगर प्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गर्ने। साथै वडा कार्यालयबाट मर्मत सम्भार तर्फ विनियोजित रकम चाडपर्व लक्षित गरी मर्मत सम्भार कार्यमा खर्च गर्न वडा कार्यालयलाई परिपत्र गर्ने र आर्थिक वर्ष २०८२।०८३ मा सञ्चालन हुने योजनालाई चौमासिक खर्च प्रगति समेतलाई मध्यनजर गर्दै छिटो छरिता रूपमा काम सञ्चालन गर्ने निर्णय गरियो।

वासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०५।०४
केशव कुमार श्रेष्ठ
नगर प्रमुख